मिति २०८२/०९/०७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

प्रस्ताव तथा निर्णयहरू

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | बहुक्षेत्रीय पोषण |
| ३. | ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तर शुल्क सङ्कलन सम्बन्धमा। | राजस्व शाखा |
| ४. | गाउँ सभाको हिउँदे अधिवेशन आह्वान गर्ने सम्बन्धमा। | प्रशासन |
| ५. | सामाजिक सुरक्षा भत्ता वितरणलाई सहजीकरण गर्ने सम्बन्धमा। | सामाजिक सुरक्षा |
| ६. | जग्गा प्राप्ति गर्ने सम्बन्धमा। | प्रशासन |
| ७. | गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | शिक्षा |
| ८. | प्राविधिक जनशक्ति करार गर्ने सम्बन्धमा। | प्रशासन |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको गाउँ कार्यपालिका बैठकको निर्णयहरू समीक्षा गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०९/०७ गते बिहान ८:०० बजे बसेको गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क सङ्कलन गर्न प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) प्रतिवेदनले औंल्याएको परिमाण र बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट बमोजिम मूल्य अभिवृद्धि कर बाहेक रु.६०,३७,६८६/- (अक्षरेपि रुपैयाँ साठी लाख सर्तीस हजार छ सय छयासी) न्यूनतम रकमको मिति २०८२/०५/०१ (३१ दिन अवधिको), मिति २०८२/०६/०९ (१६ दिन अवधिको) र मिति २०८२/०८/०७ (१६ दिन अवधिको) गरी जम्मा ३ पटक सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गर्दा ठेक्का नलागेकोले अमानतमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क सङ्कलन गर्न तपसिल बमोजिम गर्ने निर्णय गरियो।

तपसिल

(क) यस गाउँपालिकाभित्र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) प्रतिवेदनले औंल्याएको स्थानबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क सङ्कलन गर्न सम्बन्धित वडाको सिफारिसमा वडा नं.१, २, ३, ५, ८ र ११ बाट एक/एक जना गरी ६ जना र रेखदेख तथा सुपरीवेक्षण गर्न गाउँपालिका अध्यक्षले तोकेको १ जना गरी जम्मा ७ जना कर सङ्कलक भर्ना गरी कामकाजमा लगाउने।

०८२/०९/०८
मनोज साह
प्रमुख प्रशासकीय अधिकृत

(ख) ६ जना कर सङ्कलकले करार सम्झौता बमोजिम मासिक रु.२०,०००/- (बीस हजार) तलब भुक्तानी पाउने।

(ग) कर सङ्कलकको दैनिक कामकाजको रेखदेख तथा सुपरीवेक्षण गर्ने गाउँपालिका अध्यक्षले तोकेको १ जना व्यक्तिले मासिक रु.२५,०००/- (पच्चीस हजार) तलव भुक्तानी पाउने।

(घ) कर सङ्कलकले मासिक १५ (पन्ध्र) लिटर पेट्रोल र मासिक रु.२००/- (दुई सय) सञ्चार खर्च पाउने।

(ङ) कर सङ्कलकले अघिल्लो दिन रातीसम्म सङ्कलन गरेको रकम सो को भोलिपल्ट बैंक खुलेपछि बैंक दाखिला गर्नुपर्ने र राजस्व शाखामा आई मासिक रूपमा हिसाब मिलान गर्नुपर्ने।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ सभाको हिउँदे अधिवेशन तपसिलको मिति, समय र स्थानमा आह्वान गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

मितिः २०८२/०९/१८ गते शुक्रवार
समयः विहान ११:०० बजे
स्थानः तीनपाटन गाउँपालिकाको सभा हल

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा भौगोलिक विकटताका कारण सामाजिक सुरक्षा भत्ता वितरण गर्न असहज भएकोले सबै वडावाट त्रैमासिक रूपमा वितरण हुने सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई टोल वस्तीमा पुऱ्याई वितरण कार्यलाई सहज बनाउन सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा खटिने वडा कार्यालयको कर्मचारी, बैंकका कर्मचारी र प्रहरी कर्मचारी समेत एक वडाको वढीमा ५ (पाँच) जना कर्मचारीलाई सवारी साधन, दैनिक १,००० (एक हजार) भत्ता र खाजा खर्च गत विगतको उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत ५ नं. वडा कार्यालयको लंगुरखोलामा सेवा केन्द्र विस्तारको लागि बागमती प्रदेश सरकारबाट भवन निर्माणको लागि रकम समेत विनियोजन भएकोले वडा नं. ५ वस्ने जग्गाधनी श्री पूर्ण वहादुर बलनको नाममा दर्ता कायम रहेको साविक बालाजोर गाविस वडा नं.३/ख कि.नं.२१९ क्षेत्रफल ०-२-१-० मध्येबाट जम्मा ०-१-०-० एक कट्ठा जग्गा दान प्राप्ति गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७</u>

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२/०९/०६ गते अपराह्न ४:३० बजेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

२०८२/०९/०७
मनोज साह
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. ८</u>

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम वडामा रिक्त रहेको मध्ये हाल कार्यरतलाई प्राथमिकता दिने गरी कम्तीमा १ हप्ताको सूचना प्रकाशन गरी २ जना असिसेटेण्ट सब इन्जिनियर (सहायकस्तर चौथो) तहको जनशक्ति सेवा करारमा लिने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

२०८२/०९/०७
मनोज साह
प्रमुख प्रशासकीय अधिकृत